# सावित्री स्मृति

(सावित्री राणा केसी स्मृतिपुष्प)

सम्पादक

डा. इन्दुल केसी



# सगुन भजन



भजन रचनाकार
**डा. इन्दुल केसी**



सङ्गीतकार
**सत्यनारायण मानन्धर**

भजन गरौँ सबले भजन गरौं ।
गुनगान गरौँ मनले गुनगान गरौँ ॥ ध्रु ॥

धर्म मार्गमा लागौँ, सत्मार्गमा लागौँ
समाजसेवा नै ठुलो धर्म हो जानौँ ।
मातृदेवो भवः पितृदेवो भवः
जनसेवा नै ठुलो धर्म हो मानौँ ॥ १ ॥
भजन गरौँ .............

मर्यादा पुरुष रामको आर्दश मानौँ
अवतारी कृष्णजीको गीताज्ञान बुझौँ ।
महामानव बुद्धको–शान्ति मार्गमा लागौँ
उनको धर्मदर्शन–शील पालन गरौँ ॥ २ ॥
भजन गरौँ .............

भजन गायक : **सत्यनारायण मानन्धर, सब्बु केसी, डा. इन्दुल केसी**

# सावित्री स्मृति

(सावित्री राणा केसी स्मृतिपुष्प)

सम्पादक

**डा. इन्दुल केसी**

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रे
(प्रकाशनपुष्प : २२६)

प्रकाशनका आर्थिक व्यवस्थापक
**सम्पादकका परिवारजन**

अक्षराङ्कन : सङ्गीता केसी र मुकेश प्रजापति
प्रकाशन काल : चैत २०८०
प्रकाशन सन्दर्भ : सावित्री राणा केसीको षाण्मासिक पुण्यतिथि
प्रकाशन प्रति : ५०० मात्र
भित्री सज्जा : गीता अधिकारी
आवरण सज्जा : इ. रोशन अधिकारी
मुद्रक : इम्प्रिन्ट डिजाइन एण्ड प्रिन्ट सोलुशन
ISBN: 978-9937-653-85-5

# समर्पण



श्रीमती सावित्री राणा केसी

(जन्म : २००३ मङ्सिर ३० गते शुक्रबार
स्वर्गारोहण : २०८० असोज २१ गते आइतबार)

मा समर्पित !

# सम्पादकीय

श्रीमती सावित्री राणा केसीको स्मृतिलाई लिएर यो स्मृतिपुष्प तयार पारिएको हो । यसमा मैले श्रीमती सावित्री केसीको निधनपछि उनीसँग सम्बन्धित लेख-रचनाहरू, समाचारहरू, शोकसन्देशहरू र केही तस्बिरहरू समेट्ने प्रयत्न गरेको छु । सावित्रीको जीवनवृत्तलाई यस कृतिले स्पष्ट पारेको छ

श्रीमती सावित्री केसी मेरी अर्धाङ्गिनी मात्र थिइनन् । उनी कुशल गृहिणी हुनुका साथै सामाजिक अभियन्ता पनि थिइन् । धार्मिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा उनले जति पनि काम गरिन्, त्यसमा उनले आफूलाई प्रचार गराइनन् । उनी प्रचारलाई भन्दा कामलाई महत्त्व दिन्थिन् । त्यसैले उनलाई धेरैले सामाजिक अभियन्ताका रूपमा नचिनेको पनि हुन सक्छ । मेरो जहाँ-जहाँ सम्बन्ध छ, ती-ती ठाउँमा उनी मेरो सहयात्रीका रूपमा प्रस्तुत हुने गर्दथिन् । उनी मेरो पथप्रदर्शक र प्रेरणाको स्रोत पनि भएकी हुनाले आज म जुन ठाउँमा छु, त्यसको श्रय उनलाई पनि जान्छ ।

यो स्मृतिपुष्पमा सावित्री केसीको जन्मदेखि लिएर मृत्युसम्मका विवरणलाई समेट्ने कार्य भएको छ । जसजसले यसमा सावित्री केसीबारे महत्त्वपूर्ण वाणी प्रदान गर्नुभएको छ, उहाँहरूप्रति नतमस्तक भई आभार एवम् धन्यवाद ज्ञापन गर्दछु ।

मेरी श्रीमती बिरामी हुँदा अस्पतालसम्म पुगेका, देहावसान हुँदा आर्यघाटसम्म पुगेका र क्रियापुत्री भवनमा बसेका बेला त्यहाँसम्म पुगेका मेरा समस्त मित्रहरू, सङ्घसंस्थाका प्रतिनिधि महानुभावहरू सबैप्रति धन्यवाद ज्ञापन गर्दछु । अभिलेखमा नभएका कारणले र विस्मृतिका कारणले कसैको नाउँ यहाँ छुटेको रहेछ भने उहाँहरूसँग क्षमा माग्दछु र उहाँहरूप्रति पनि धन्यवाद व्यक्त गर्दछु ।

**– डा. इन्दुल केसी**
२०८० चैत्र २१

# हार्दिक श्रद्धाञ्जली

जन्म मिति
२००३/०८/३०



स्वर्गारोहण
२०८०/०६/२१

## स्व. सावित्री राणा के.सी.

प्रात स्मरणीय ममतामयी आमा श्रीमती सावित्री राणा के.सी. ज्यू को मिति २०८० असोज २१ गते आइतबारका दिन असामयिक निधन भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । स्वर्गीय आमाको आत्माले शान्ति पाउन र वहाँको बैकुण्ठ बास होस भनि ईश्वर संग प्रार्थन गर्दछौं । साथै शोक संतप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं । ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि कामना गर्दछौं ।

ज्वाई सत्यनारायण मानन्धर/ छोरी रजनी के.सी. मानन्धर
बैकुण्ठ मानन्धर / इन्दिरा मानन्धर
मुकुन्द मानन्धर / तिर्थ लक्ष्मी मानन्धर
नाति/नातिना :
खेलु मानन्धर, हिसी मानन्धर, मुसु मानन्धर,
न्हिला मानन्धर, नसना मानन्धर, स्वन्ती मानन्धर,
लकस मानन्धर, नुगः मानन्धर
तथा
सम्पुर्ण परिवार

# विषयसूची


१. **सावित्री राणा केसीको जीवनवृत्त** १

२. **सावित्री राणा केसीको स्वास्थ्य समस्या विवरण** ३

३. **स्वर्गीय श्रीमती सावित्रीको सम्झना** डा. इन्दुल केसी ७

४. **सावित्री केसी शब्दश्रद्धाञ्जली** प्रा. डा. कृष्णप्रसाद दाहाल १२

५. **श्रद्धाका दुई थुँगा फूल** जीवनाथ अधिकारी १५

६. **ठूलो योगदान** टीका ढुङ्गेल 'रटन' १६

७. **फूलको श्रद्धाञ्जली** नवीना श्रेष्ठ १७

८. **इन्दुलजीकी सहधर्मिणी सावित्री दिदीलाई यसरी सम्झिन्छु म** पदम दाहाल १९

९. **बलियोले चाहेपछि** प्रजापति तिमिल्सिना २२

१०. **हाम्री जननी** रजनी केसी मानन्धर २३

११. **अनेकमध्येकी एक सावित्री** हरि मञ्जुश्री २५

१२. **समाचारहरू** २८

(क) हार्दिक सहवेदना

(ख) स्वर्गीय राणाको श्रद्धाञ्जलीस्वरूप भक्तपुरमा भजनकीर्तन

(ग) भक्तपुरका स्वर्गीय सावित्रीको सम्झनामा सिद्धि स्मृति शालिग्रामका बृद्धबृद्धाहरूलाई भोजन

१३. **समवेदना सन्देशहरू** ३०

(डा. इन्दुल केसी, टी. बी. कार्की, डा. दिनेशप्रसाद पराजुली, सहृदयता समाज नेपाल, वर्ल्डभ्यू नेपाल, गजेन्द्रशङ्कर तिमिला, विवेकराज ढुङ्गेल, रोजेशकृष्ण सिपाई, देवेन्द्र श्रेष्ठ, गणेशप्रसाद अधिकारी, गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्, चित्रबहादुर कार्की, विद्या कार्की, Patan Family, एकीकृत उपभोक्ता सङ्घ, तीनकुने टोल सुधार समिति, स्वामी कल्याणमित्र, रमेश नकर्मी, माया बादे, आदर्श मावि लायकू मध्यपुर थिमि, चाँगुनारायण साहित्यिक समाज, शङ्कर मानन्धर, विश्व शान्ति केन्द्र नेपाल, विश्वशान्ति ध्यान केन्द्र विशुद्ध

दिव्यधाम धुलिखेल, सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम, पशुपतिमान पःमाँ प्रधान, सुपूर्णेश्वर भजन मण्डल तथा ब्रह्मेश्वर घाट संरक्षण समिति, केशव-सुषमा भजन ज्ञानगुठी नेपाल, श्यामसुन्दर रास भजन मण्डल, शब्दयात्रा प्रकाशन, अनुशीलन नेपाल, स्वतन्त्र पत्रकार सङ्घ भक्तपुर, चूडाप्रसाद चौलागाई, साधुराम गिरी, विदुर केसी, एबीसीडी खबर, त्रिफला राष्ट्रिय पुस्तकालय, दुर्गालाल श्रेष्ठ, Prakash Prasad Upadhyaya, माधव बिडारी 'चेतनपथ', केशवराज राजभण्डारी, भक्तपुर विकास सहयोग सङ्घ, दत्तात्रेय मन्दिर संरक्षण संस्था, इवामुरा मेमोरियल अस्पताल, स्वतन्त्र पत्रकार सङ्घ नेपाल, डा. कृष्णबहादुर कर्माचार्य, लक्ष्मीनारायण ताम्राकार, सिद्धि स्मृति अस्पताल, पुष्पपराग साहित्य प्रतिष्ठान, सानु श्रेष्ठ, वाराही पीठ विकास समिति, चन्द्रमान प्रधान, परशुराम प्रधान, कल्पना प्रधान, कार्की परिवार, सत्यनारायण मानन्धर परिवार, वटुक भैरवनाथ भजन मण्डल, प्रा. श्रीराम आचार्य, सरोजनी तन्डुकार, ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान), बुद्धिनारायण श्रेष्ठ, विष्णु ओली, प्रताप रानामगर, मञ्जु नकर्मी, बद्रीभक्त श्रेष्ठ, रजनी श्रेष्ठ)

१४. **स्वयं उपस्थित भएर सावित्री राणा केसीमा श्रद्धाञ्जली दिनेहरू** ५१

(क) पशुपति आर्यघाटमा उपस्थित हुनेहरू

(ख) कृयापुत्री बसेका ठाउँमा उपस्थित हुनेहरू

१५. **तस्बिरावली** ५९

(क) सावित्री राणा केसीले पति डा. इन्दुल केसीका साथमा तीर्थयात्रा गर्दाका केही तस्बिरहरू

(ख) तीर्थभोजका लागि निमन्त्रणा गरिएको निमन्त्रणापत्र

(ग) सावित्री राणा केसीले प्राप्त गर्नुभएको सम्मानपत्र

# हार्दिक श्रद्धाञ्जली

जन्म मिति
२००३/०८/३०



स्वर्गारोहण
२०८०/०६/२१

## स्व. सावित्री राणा के.सी.

हाम्री सम्धिनी श्रीमती सावित्री राणा के.सी. ज्यू ब्रम्हलीन हुनु भएकोले
हामी कार्की परिवार गहिरो दुःख व्यक्त गर्दछौं ।
यस दुःखद घडीमा स्वर्गीय आत्माको बैकुण्ठबास होस् भन्ने कामना
गर्दै, भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
शोक सन्तप्त सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस्
भन्ने कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछौं ।

सम्धिनी दिव्य कुमारी कार्की
दान बहादुर कार्की/निलारुपा कार्की
टेक बहादुर कार्की/सजनी कार्की
निर बहादुर कार्की/खगेन्द्र कार्की
अनिपेस कार्की/अनिकेत कार्की
तथा
समस्त कार्की परिवार

# प्रकाशकीय

डा. इन्दुल केसी शब्दयात्रा प्रकाशनका आजीवन सदस्य तथा यस संस्थाबाट सम्मानित स्रष्टा हुनुहुन्छ । उहाँका केही पुस्तक यस संस्थाबाट यसअघि पनि प्रकाशित भएका छन् । यसपटक पनि उहाँले आफ्नो पुस्तकका लागि यस संस्थालाई सम्झिनुभएको छ । यसका लागि उहाँप्रति यो संस्था हार्दिक आभार प्रकट गर्दछ ।

डा. इन्दुल केसीले सम्पादन गर्नुभएको प्रस्तुत पुस्तक 'सावित्री स्मृति' आफ्नी धर्मपत्नी सावित्री राणा केसीको निधनपछि उहाँले विभिन्न सामग्रीहरू सङ्कलन गरी तयार पार्नुभएको स्मृतिसँगालो हो । धर्मपत्नीलाई अर्धाङ्गिनी भनिन्छ । आधा अङ्ग गएर आधा अङ्ग रहेको अवस्था हरेक मान्छेका लागि दुःखद अवस्था हो । त्यस्तो अवस्था भोगिरहनुभएका डा. इन्दुल केसीले आफ्नो मनोव्यथालाई मुखले प्रकट नगरी अक्षरहरूमा देख्न चाहनुभयो र यो पुस्तक तयार पार्नुभयो । यस पुस्तकमा सावित्री राणा केसीको जीवनवृत्त, स्वास्थ्यसमस्याको विवरण, उहाँसँगका स्मरणहरू, उहाँको निधनसम्बन्धी समाचारहरू, निधनपछि प्राप्त भएका समवेदना सन्देशहरू र केही तस्बिरहरू सङ्कलन गरिएका छन् । त्यसैले यस पुस्तकका अक्षर-अक्षरमा डा. इन्दुल केसीभित्रका पीडाहरू पाउन सकिन्छ ।

यस पुस्तकको अक्षराङ्कक, भाषिक शुद्धिकर्ता, आवरण सज्जाकार र मुद्रकप्रति यो संस्था धन्यवाद ज्ञापन गर्दछ ।

**– हरि मञ्जुश्री**
अध्यक्ष : शब्दयात्रा प्रकाशन

# सावित्री राणा केसीको जीवनवृत्त


सावित्रीको तस्बिर


सावित्रीको जन्मकुण्डली

जन्म : २००३ मङ्सिर ३० गते शुक्रबार
निधन : २०८० असोज २१ गते आइतबार
पिता : ब्रिगेडियर जनरल लक्ष्मी शमशेर जङ्गबहादुर राणा
माता : विष्णुकुमारी राणा
शिक्षा : एसएलसी (प्रवेशिका उत्तीर्ण)
विवाह : २०२४ साल असार २४ गते मागीविवाह
पति : डा. इन्दुल केसी, भक्तपुर
सन्तान : छोरा उज्वल केसी, बुहारी सिर्जन केसी पौड्याल, नाति श्रीजल केसी
जेठी छोरी रजनी केसी मानन्धर, ज्वाइँ सत्यनारायण मानन्धर, नाति खेलु मानन्धर, नातिनी मुस्कान मानन्धर
कान्छी छोरी सजनी केसी कार्की, ज्वाइँ टेकबहादुर (गोपाल) कार्की, नातिहरू अनिमेशबाबु कार्की, अनिकेतबाबु कार्की
पेसा : घरगृहस्थी (घरधन्दा बस्दोबस्त)
यात्रा : नेपालमा दक्षिणकाली, लुम्बिनी, मनकामना, पलान्चोक भगवती, मुक्तिनाथ, पशुपतिनाथ, स्वयम्भू, जनकपुर, गुह्येश्वरी, विन्ध्यवासिनी, पोखरामा तालवाराही, विन्ध्यवासिनी, चितवनमा सौराहा, देवघाट आदि । भारतमा उत्तराञ्चल गङ्गोत्तरी, दिल्ली, आग्रा, बद्रीनाथ, केदारनाथ,


दक्षिण भारत रामेश्वरम्, अयोध्या, मथुरा, गोकुल, वृन्दावन, हरिद्वार, काशी, जगन्नाथपुरी, कलकत्ता, कालीमाई, हरिद्वार, गङ्गासागर आदि ।

धार्मिक क्रियाकलापहरू :

१) घरमा सत्यनारायणको पूजा, श्रीमद्भागवत पुराण कथावाचन, दसदान श्री वाराहीपीठ भक्तपुरमा सञ्चालित श्रीमद्भागवत महापुराणमा सहयोग नगद रकम प्रदान ।

२) श्री वाराहीपीठमा स्थापित बाद्य सङ्ग्रहालयमा आफ्नो नामबाट केही बाद्यबादनका साधन प्रदान ।

३) श्री श्यामसुन्दर रास भजन मण्डल भक्तपुरमा नित्यपूजा, आरतीका लागि आवश्यक विभिन्न पूजा-सामान, नवनिर्मित भजनघरका लागि बिजुली बत्ती र पङ्खा प्रदान।



Tribhuvan University
**Teaching Hospital**
Maharajgunj, Kathmandu

**NOTICE OF DEATH**

Bed 12 Date 2080/6/21
Sex Female Age 76 years
Name: SABITRI K.C

Time and Date of Death 2080/6/21 @ 11:00pm.

| CAUSE OF DEATH | | Code No. |
|---|---|---|
| * Immediate Cause | Septic Shock. [GI Sepsis with MODS] | |
| * Antecedent Cause | Guillain Barre Syndrome ē Acute inflammatory demyelinating polyneuropathy | |
| Contributory Cause | CAD. ē AKI | |
| | S/P CABG | |
| | K/C/O – HTN. | |

Nearest relative of the patient Son Name Ujol K.C. Present ☑ Notified ☐

Time 11:00 A.M. P.M. ✓ Mannor ____ By Whom ____
Physician Prof. Dr. SPA & team. Present ☐ Notified ☐

Pronounced dead by (Name) Dr. Ashmita Paudel / Dr. Ayali Mishra.

Manner of Disposal of Body: Relative ☑ Morgue ☐ Autopsy Room ☐
Permission for autopsy: Not requested ☑ Requested ☐ Granted ☐ Refused ☐
Disposal of personal belongings. Taken by whom:-
Where:-
Date:
Time:

Signature ____ Doctor ____ Nurse

# सावित्री राणा केसीको स्वास्थ्य समस्या विवरण

१. २०७३ सालमा डा. भगवान् कोइरालाबाट काठमाडौँको त्रि. वि. शिक्षण अस्पताल महाराजगञ्जमा मुटुको शल्यक्रिया भएको ।
२. २०७५ सालमा काठमाडौँ बानेश्वर स्थित निजामती अस्पतालमा हप्ता दिन भर्ना भई स्वास्थ्योपचार गरिएको ।
३. भक्तपुर सूर्यविनायक स्थित पोलिक्लिनिकमा प्रत्येक महिना मुटुरोग विशेषज्ञ डा. दीपङ्कर प्रजापतिद्वारा स्वास्थ्य परीक्षण तथा औषधि उपचार नियमित रूपमा भएको ।
४. २०८० आश्विन १२ गतेदेखि खाना खाने रुचिमा कमी हुन थालेको ।
५. २०८० आश्विन १४ गतेदेखि खुट्टा दुख्न थालेकाले भान्छाकोठामा जान नसकी आफ्नै शयनकक्षमा खाना खान थालेको ।
६. २०८० आश्विन १६ गतेदेखि कम्मर दुख्ने र खुट्टाले टेक्न गाह्रो हुने भई बाथरुम जान नसकेको ।
७. २०८० आश्विन १७ गते कान्तिपुर अस्पताल काठमाडौँका डा. किरण मानन्धरद्वारा स्वास्थ्यजाँच गरेपछि उहाँले न्युरो र नेफ्रो जाँचका लागि सिफारिस गर्नुभएको ।
८. २०८० आश्विन १८ गते केएमसी सिनामङ्गलमा डा. पारस रायमाझीको विशेषज्ञ टिमसँग स्वास्थ्य परीक्षण पश्चात् MRI, SCT गरियो, साथै GBS - Gullain Barre Syndrome नशा सम्बन्धी समस्या हुन सक्ने अनुमान गरी हाइकेयरमा उपचार हुनुपर्ने सुझाव ।
९. २०८० आश्विन १९ गते टिचिङ अस्पताल महाराजगञ्जमा ओपीडीमा डा. गणेश कर्ण र विशेषज्ञ डाक्टरहरूद्वारा स्वास्थ्य परीक्षण गर्दा GBS को सम्भावना देखियो र IVIG Medicine 25/30 मात्रा आवश्यक हुने तर उक्त औषधि नेपालमा नपाइने भएकाले भारतबाट मगाउने प्रक्रियाका साथै Emergency ward मा उपचार उपचार सुरु गर्न सुझाव दिए अनुसार इमर्जेन्सीमा

एक्सरे, अल्ट्रासाउन्ड, ब्लड, युरिन टेस्ट Critinine, Urea को मात्रा उच्च रहेको र बढ्दै गई ३ बजे गणेशमान सिंह Axey Building को Hi-care Unit मा भर्ना भएको अवस्थामा पूर्ण रूपमा कुराकानी गर्न सक्ने तर खुट्टाले टेक्न नसक्ने ।

१०. २०८० आश्विन २० गते बिहान ९ बजेपश्चात् urine Blocked भएको IVIG Medicine प्राप्त भएमा प्रयोग गर्न सकिने । दिउँसो ३:१५ बजे केही बेर अचेत भएको, Blood Pressure 28 सम्म घटेकोले बढाउन औषधि सुरु गरिएको । Oxygen दिन सुरु गरिएको, सोही दिनको राति बरबराउन सुरु गरेको । डा. को टिमले बिहान किड्नी र लिभरमा समस्या भएकाले डायलसिस गर्नुपर्ने सुझाव दिए अनुसार आवश्यक औषधिको प्रबन्ध गरिएको ।

११. २०८० आश्विन २१ गते विहान डा. को टिमबाट उच्च ज्वरो र प्रेसरका कारण डायलसिस रोकी ज्वरो र प्रेसर कम भएपश्चात् ICU भर्ना गरी Portable Meachine बाट उपचार गर्ने । यस्तो अवस्थामा GBS का लागि मगाइएको IVIG Medicine सुरु गर्न नमिल्ने विकल्पमा Blood Transfer गरी उपचार गर्ने निधो भएको ।

सोही बिहान १० बजेपछि कहिले चेतना हुने त कहिले अचेतनको अवस्थामा जाने भयो । चेतनाको भएको अवस्थामा आफ्ना आफन्तहरू, नाति श्रीजल, बुहारी सृजना, मामा आदिलाई बोलाइदिन आग्रह गर्नुभएको । घरायसी कुराहरू गर्न थाल्नुभएको । उक्त अस्पतालमा परिवारका सदस्यहरू भेला हुन थालेका । ३:३० बजे ICU वार्डमा सारिएको । बेलुका ७:३० बजेसम्म कुरा गर्ने, मान्छे चिन्ने अवस्थामै रहेको । रातको ९:३० बाट १०:३० सम्म डायलसिस प्रक्रिया सुरु गरिएको ICU कक्षका डा. अस्मिता न्यौपानेले जानकारी दिनुभएको । तत्पश्चात् स्वास्थ्य अवस्था खराब भई Ventilator मा राख्न कागजी प्रक्रिया पूरा गरिएको । यसै क्रममा मुटुको चाल कम हुँदै गएको हुँदा CPR पश्चात् मुटुको चाल स्थिर भएको जानकारी दिए पनि डा.

अस्मिताले राति ११ बजे सावित्री राणा केसीको स्वर्गारोहण भएको जानकारी गराउनुभएको ।

स्वर्गारोहण भएको जानकारीपश्चात् –

१. २०८० आश्विन २२ गते बिहान ८ बजे स्वर्गीय सावित्री राणा केसीको पार्थिव शरीरलाई पशुपति आर्यघाटमा अन्तिम श्रद्धाञ्जलीका लागि पुऱ्याइयो ।
२. २०८० आश्विन २२ गते बिहान ९:३० बजे आर्यघाटबाट आँखा दान गरियो ।
३. पार्थिव शरीरलाई आर्यघाटको ब्रह्मनालमा राखी परिवारजन, आफन्त तथा उपस्थित सयौँजनाले तर्पण दिनुभयो ।
४. ब्रह्मनालबाट उठाई आर्यघाटको चितामा अन्तिम श्रद्धाञ्जली दिइयो ।
५. आफ्नो रीतिरिवाज र कर्मकाण्ड अनुसार छोरा उज्वल केसीबाट दागबत्ती प्रदान दिइयो ।
६. दिउँसो १ बजे कोटेश्वर काठमाडौं महादेवस्थानस्थित पितृमुक्ति सदनमा १३ दिनसम्मको काजक्रियाका लागि प्रस्थान गरियो ।
७. पाँचौं दिनदेखि पण्डित सीताराम कोइरालाबाट गरुडपुराण कथा वाचन गराइयो ।
८. २०८० आश्विन ३० गते १० औं दिनको चोख्याउने कार्य सम्पन्न गरियो ।
९. कार्तिक १ गते ११ औं दिन बाहुनीलाई काट्टो खुवाउने, यसै गरी कार्तिक २ गते गुरु सीताराम कोइरालालाई शैयादान तथा अन्य ३ गुरु पुरोहितबाट १३ औं दिनको पिण्ड दिने सेलाउने, श्राद्ध, दानदक्षिणा र पितृमुक्ति यज्ञ गरियो ।
१०. आर्यघाटमा र क्रिया बस्दा समवेदना, श्रद्धाञ्जली सान्त्वना दिन पाल्नुहुने आफन्तजन, साथीभाइ, छरछिमेकी, बाहुन, पण्डितलाई प्रसाद ग्रहण गराइयो र साँझमा क्रियापुत्रीलाई घरमा प्रवेश गराइयो ।

अनुसूची २१
(नियम २० को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)
नेपाल सरकार ( Government of Nepal )
स्थानीय पञ्जिकाधिकारीको कार्यालय ( Office of Local Registrar )
वडा नं .४, भक्तपुर नगरपालिका
भक्तपुर जिल्ला, बागमती प्रदेश
Ward No.4, Bhaktapur Municipality
Bhaktapur District, Bagmati Province

# मृत्यु दर्ता प्रमाणपत्र
# (Death Registration Certificate)

**दर्ता नम्बर (Registration No.):** 2003083002164-2

**दर्ता मिति (Registration Date):** वि.सं. २०८०-७-१६ (02-11-2023 A.D.)

| | |
|---|---|
| **मृतकको पूरा नाम** : सावित्री के सी | |
| **Deceased Full Name (In English) :** Sabitri K C | |
| **मृतकको राष्ट्रिय परिचय नं. वा नागरिकता प्रमाणपत्र नं. वा राहदानी नं.:** ५३०१०३८१०३९<br>**NIN or Citizenship Certificate No. or Passport No.:** 53010381039 | |
| **मृत्यु भएको मिति (Date of Death):** वि.सं. २०८०-०६-२२ (08-10-2023 A.D.) | |
| **मृत्यु भएको स्थान (Place of Death):** अस्पताल(Hospital) | |
| **स्थायी ठेगाना:** बागमती प्रदेश,भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वार्ड नं. ४ | |
| **Permanent Address:** Ward No. 4 Bhaktapur Municipality,Bhaktapur District,Bagmati Province | |
| **बाबुको पूरा नाम:** लक्ष्मी शम्सेर राणा | |
| **Full Name of Father:** Laxmi Samsher Rana | |
| **आमाको पूरा नाम:** विष्णु कुमारी राणा | |
| **Full Name of Mother:** Bishnu Kumari Rana | |
| **पति/पत्नीको पूरा नाम:** इन्दुल के सी | |
| **Full Name of Husband/Wife:** Indul K C | |
| **सूचकको विवरण** (Informant's Details) | **पूरा नाम:** इन्दुल के सी |
| | **Full Name:** Indul K C |
| | **राष्ट्रिय परिचय नं. वा नागरिकता प्रमाणपत्र नं. वा राहदानी नं. (NIN or Citizenship Certificate No. or Passport No.):** २९-०१-७४-१३०९ / 29-01-74-1309 |

**दस्तखत (Signature):**
**स्थानीय पञ्जिकाधिकारीको नाम:** साहिला वैद्य
**Name of Local Registrar:** Sahila Baidya

०८०।७।१६

कार्यालयको छाप/ Official Stamp

# स्वर्गीय श्रीमती सावित्रीको सम्झना

**– डा. इन्दुल केसी**

आजभन्दा ५४ वर्षपहिले २०२६ सालको एक दिन मेरो परिवारमा घटित एउटा घटना आज २०८० सालमा याद आयो । उक्त घटनाबारे आज सम्झनामा जे आयो, त्यो एक यथार्थ हो । यसमा कुनै काल्पनिक कुरा छैन ।

भक्तपुर नगरपालिका – ४ मङ्गलाछें टोल, जहाँ म जन्मेँ, हुर्कें, जुन घरबाट २०२४ साल आषाढ महिनामा टोलका छरछिमेकी, दाजुभाइ, इष्टमित्र सबैलाई वरियातीका रूपमा लगी ललितपुर मानभवनका ब्रिगेडियर जनरल श्री लक्ष्मी शमशेर जङ्गबहादुर राणाकी छोरी सुश्री सावित्री राणालाई हिन्दू संस्कार अनुसार कन्यादान मागी विवाह गरी श्रीमतीका रूपमा मेरो घरमा प्रवेश गराएको थिएँ । तिनैको कोखबाट मेरी पहिली पुत्री रजनी केसी जन्मेकी थिइन्, जुन त्यति बेला दुईवर्षे सानी केटी थिइन् र एक वर्षको मेरो छोरो उज्वल केसी, एकहत्तर वर्षकी मेरी आमा शेरकुमारी तथा मेरो सहोदर भाइ बलराम केसी समेत जम्मा ६ जनाको मेरो परिवार थियो ।

एक दिन एकाबिहान सबेरै मेरी श्रीमती सावित्रीलाई अति रक्तस्रावका कारणले फुस्रो नीलो र बोल्नलाई पनि कठिन स्थितिमा ऐया-ऐया भनेर छटपटाइरहेको मैले पाएँ । घर वरिपरिका छिमेकी दिदी-भाउजूहरूलाई सहयोगको याचना गर्दै घटनाको विवरण सुनाउन पुगेँ । तत्काल मेरो घरमा भेला हुन आउनुभएका तीन-चारजना महिलाको सल्लाह अनुसार मेरी श्रीमतीलाई अस्पताल लैजानुपर्ने अन्यथा ज्यानको जोखिम हुने जानकारी पाएँ । आमाले ‘बाबु ! तुरुन्तै तिम्री दुलहीलाई अस्पताल लैजाऊ’ भन्ने आज्ञा भयो ।

झिसमिसे अलिअलि उज्यालो मात्र भएको त्यो समयमा म दौडेर भक्तपुर इताछेँ टोलको देव बाटीको चिया पसलमा गएँ । उहाँ त्यो व्यवसाय गर्नुका साथै आफ्नो सानो ट्याक्सी गाडी पनि आफैँ हाँक्नुहुन्थ्यो । मैले तत्काल गाडीबाट मेरी श्रीमतीलाई अस्पताल

पुऱ्याइदिन आग्रह गरेँ । उहाँले आफ्नो गाडी मेरो चोकको छेउसम्म ल्याउनुभयो । अचेत अवस्थामा रहेकी मेरी श्रीमतीलाई त्यहाँ भेला भएका तीन-चारजना महिलाहरू र म स्वयम्‌ले बोकेर गाडीसम्म पुऱ्यायौँ । देव दाइले गाडी भक्तपुर अस्पतालमा पुऱ्याउनुभयो । इमर्जेन्सी अवस्थामा रहेकी बिरामीलाई तत्कालीन मेडिकल डाक्टर त्रिभुवनानन्द वैद्यले जाँच्नुभयो र एउटा ग्लुकोज सलाइन दिनुभयो । मैले नजानेका केही औषधि पनि अस्पतालकै तर्फबाट पिलाउनुभयो ।

बिरामीको अवस्था केही सुधार भएको आभास मिल्यो । उक्त डाक्टरले मलाई भन्नुभयो – 'इन्दुल ! तिम्री श्रीमतीलाई रगत दिनुपर्ने आवश्यकता छ । तर यस अस्पतालमा रगत दिने व्यवस्था नभएको हुँदा तत्काल काठमाडौँको वीर अस्पतालमा लैजानू' भन्ने सल्लाह दिनुभयो । साथै बिरामीलाई वीर अस्पताल रेफर गरेको पत्र पनि थमाउनुभयो ।

त्यो बेला रगत दिने भनेको के हो, रगत पाइने स्रोत के हो, सो सम्बन्धी जानकारी मसँग थिएन । त्यसैले मैले डाक्टरसँग रगत कहाँबाट प्राप्त गर्ने ? पैसा लाग्ने नलाग्ने, लागे कति लाग्ने भनेर मैले सोधेँ । उहाँले मलाई बताउनुभयो – "यो मैले लेखेको रेफर पत्र लिएर त्यहाँको इमर्जेन्सी वार्डमा पुऱ्याउनू । तत्काल बिरामीको रगत समूह जाँचिनेछ र सो समूहको रगत प्रतिपिन्ट एक सय बीस रुपियाँमा किन्नुपर्नेछ ।"

मैले आफ्नो खल्ती छामेँ । मसँग त्यति बेला केवल साठी रुपियाँ मात्र थियो । त्यति रुपियाँले न त मैले बिरामीलाई काठमाडौँ लैजान सक्थेँ, न त रगत किन्नलाई नै त्यो रकम पर्याप्त थियो । मैले लाजै नमानीकन डाक्टर त्रिभुवनानन्द वैद्यलाई भनेँ – "डाक्टर साहेब ! अहिले मसँग साठी रुपियाँ मात्र छ । बिरामीको अवस्था गम्भीर छ । घरमा पुगी छरछिमेकीसँग सापटी लिने अवस्था पनि छैन । त्यसैले तपाईं मलाई केही रकम सापटी दिन सक्नुहुन्छ ?'

तत्काल डाक्टर साहेबले मलाई रु. तीन सय सापट दिनुभयो र भन्नुभयो – "ढिलो नगर्नू । बिरामीलाई सकभर छिटो वीर अस्पताल पुऱ्याउनू ।"

त्यो बेला भक्तपुर अस्पतालमा एम्बुलेन्सको व्यवस्था पनि थिएन । मैले श्रीमतीलाई अस्पताल लगेको गाडी स्ट्यान्डबाई थियो । 'मेरी श्रीमतीलाई छिटै वीर अस्पताल पुऱ्याइदिनुस्' भनेँ । मेरी श्रीमती र मलाई हुइँक्याएर आधा घन्टामा वीर अस्पतालको इमर्जेन्सी वार्डमा पुऱ्याउनुभयो ।

इमर्जेन्सी वार्डमा खबर गरेपछि त्यहाँका कर्मचारीहरूले स्ट्रेचरमा राखेर मेरी श्रीमतीलाई भित्र पुऱ्याए । ड्युटीमा रहनुभएका डाक्टर र केही नर्सहरूले के जाँच्नुभयो, के गर्नुभयो, मलाई केही थाहा थिएन । त्यहाँ पनि अर्को सलाइन दिन थाल्नुभयो र 'तपाईंकी श्रीमतीको रगत ओ पोजेटिभ हो, त्यो समूहको रगत दुई पिन्ट तुरुन्त किनेर ल्याउनुस्' भन्नुभयो । मलाई थाहा थिएन रगत पसल कहाँ छ ? मेरो प्रश्नको जवाफमा ती नर्स बहिनीहरूले मलाई बताए – 'त्यहाँ बाहिर जानुस् र यो कागत देखाएर ओ पोजेटिभको रगत चाहियो भन्नुस् । ओ पोजेटिभ रगत भएको व्यक्तिलाई भित्र लिएर आउनुस् ।'

नर्सको सल्लाह अनुसार म बाहिर गएँ र भनेँ – "यहाँ ओ पोजिटिभ रगत भएको को हुनुहुन्छ ?"

'म छु, म छु' भन्दै तीन-चारजना मेरा अगाडि दौडँदै आइपुगे । त्यसमध्येका दुईजनालाई भित्र लगेँ र मेरी श्रीमती रहेको बेडको छेउमा उभिएका डाक्टरका अगाडि पुऱ्याएँ ।

डाक्टरले नर्सहरूलाई 'उहाँहरू दुईजनाको रगत जाँचेर मिलेछ भने एक-एक पिन्ट झिक्नू' भनेर अह्राउनुभयो । संयोगवश दुवैको रगत मेरी श्रीमतीको रगतसँग मिल्दो रहेछ । दुवैलाई शुल्क बुझाएँ । नर्सले दुवैको रगत झिके । तत्काल त्यो रगत मेरी श्रीमतीको शरीरमा एक-एक पिन्ट गरी चढाइयो । फेरि मलाई डाक्टरले 'झोल र तात्तातो दाल लिएर आउनुस्' भनी अह्राउनुभयो । उहाँको निर्देशन अनुसार मैले किनेर लगेको दाल नर्सहरूको चम्चाले श्रीमतीको मुखमा हाल्दै पिलाउनुभयो । यतिन्जेलसम्ममा बिहानको साढे नौ बजिसकेको थियो । डाक्टरले भन्नुभयो – "तपाईंकी श्रीमतीलाई अब यहाँ भर्ना गर्नुपर्छ । उहाँ खतरामुक्त भइसक्नुभयो । अब दिउँसोसम्ममा अरू दुई पिन्ट रगत आवश्यक पर्न सक्नेछ ।"

त्यतिन्जेलसम्ममा डाक्टरले लेखिदिएका केही औषधि पनि मैले खरिद गरिसकेको थिएँ । मेरो खल्तीमा अब रु. बीस मात्र बाँकी थियो । नर्सहरूले मलाई भन्नुभयो – "तपाईंसँग बिरामी कुर्ने अर्को मान्छे को छ ?"

मैले जवाफ दिएँ – "हाल मसँग कोही छैन । म एक्लै आएको, आवश्यक परे भक्तपुर गएर कुरुवा बोलाएर ल्याउनेछु ।"

नर्सहरूले भन्नुभयो – "तपाईं पीर नगर्नुस् । तपाईंले मुख पनि धुनुभएको रहेनछ । अब हामी हेर्छौं । गएर चियासिया खानुस् र कुरुवा लिएर आउनुस् ।"

त्यतिखेर घरमा खबर गर्न फोनको व्यवस्था पनि थिएन । त्यसैले मैले मेरो भाइ बलरामलाई कुनै खबर गर्न पाइनँ । नर्स बहिनीहरूलाई मेरी श्रीमतीलाई म नफर्कुन्जेल स्याहार गर्न आग्रह गरेँ र सहयोगका लागि धन्यवाद दिएँ । नर्स बहिनीहरूले 'तपाईं धन्दा नमान्नुस्, निश्चिन्त भएर जानुस्, तपाईं नफर्कनुभएसम्म हामी हेरिदिन्छौँ' भन्नुभयो ।

म वीर अस्पतालबाट बाहिर निस्कँ । अस्पतालको बाहिर पेटीमा मेरा मित्र तत्कालीन शाखा अधिकृत श्री विदुर केसी सिंहदरबार कार्यालय जानका लागि हिँड्दै आइरहनुभएको भेटेँ । विदुरजीले मलाई सोध्नुभयो – "यति बेलासम्म कार्यालय नगई यहाँ किन इन्दुल ?"

मैले बिहानदेखिको घटनाक्रमलाई सङ्क्षिप्तमा सुनाएँ र भनें – "श्रीमतीलाई अस्पतालमा भर्ना गरिएको छ, तर मेरो खल्तीमा अब बीस रुपियाँ मात्र छ, के तपाईं केही रकम सापटी दिन सक्नुहुन्छ ?"

उहाँले मलाई आफ्नो गोजी छामछुम गरी एक सय रुपियाँ दिनुभयो । विदुरजीलाई धन्यवाद दिँदै म रत्नपार्क नजिकको भक्तपुर बसपार्कमा आएँ । बस चढी भक्तपुर पुगेँ । मलाई याद छ त्यति बेला घरमा पनि मसँग अरू कुनै रकम जगेडा थिएन । सरासर मेरो टोलमा पुगी कपडा पसल चलाइरहेका मेरा मित्र शम्भुराम श्रेष्ठलाई सारा कथा सुनाएँ । तत्काल उहाँले मलाई सापटीस्वरूप रु. एक हजार दिनुभयो । घरमा गएर मैले आमा र भाइलाई सम्पूर्ण घटनाको विवरण सुनाएँ । मुख धोई एक गाँस भाग खाएँ । तत्काल मेरी भाउजू नाताकी

एउटी महिलालाई लिएर इताछैँमा गाडीको भाडा बुझाउन गएँ। उहाँले 'किन आजै दिनुपर्‍यो ? भोलिपर्सि दिँदा पनि त हुन्छ' भन्नुभयो। त्यसपछि भक्तपुर अस्पताल पुगी डाक्टर त्रिभुवनानन्द वैद्यको रु. तीन सय पनि बुझाएँ। उहाँले पनि सोध्नुभयो। सबै कुरो बताएँ।

मेरी भाउजू र म तत्काल भक्तपुर बसपार्कबाट बस चढी वीर अस्पताल पुग्यौँ। इमर्जेन्सी वार्डमा पुगी हेर्दा मैले मेरी श्रीमतीलाई देखिनँ। म अलिकति आत्तिएँ। बिहानका नर्सहरू पनि देखापरेनन्। उहाँहरू आफ्नो ड्युटी सिध्याएर गइसक्नुभएको रहेछ। मैले ड्युटीमा रहेका नर्सहरूसँग बिहानदेखिको बेलिबिस्तार लगाएर सोधेँ। उहाँहरूले मेरी श्रीमती जनरल वार्डमा सिफ्ट भइसकेको जानकारी दिनुभयो।

तत्काल मेरी भाउजू र म मेरी श्रीमती रहेको वार्डमा पुग्यौँ। श्रीमतीलाई देखेँ। श्रीमतीको अवस्था बिहानको भन्दा निकै सुधारिएको र केही बोल्न सक्ने अवस्थामा पाएँ। अस्पतालकै बिहानको खाना खाइसकेकी रहिछन्। त्यहाँका नर्सहरूले मलाई पुनः अर्को चिट दिनुभयो। अर्को दुई पिन्ट रगत तुरुन्तै ल्याउन र बिरामीलाई तागतिला जुसहरू जे खुवाए पनि हुन्छ भन्नुभयो। मैले बिहानकै तरिकाबाट दुई पिन्ट रगत र केही जुस नर्सलाई उपलब्ध गराएँ।

मेरी भाउजू र मैले बिरामी कुरुवाका रूपमा त्यस रात वीर अस्पतालमै बितायौँ। त्यस वार्डभित्र पुरुष बस्न नमिल्ने भएकाले त्यस रात वीर अस्पतालको बाटोमा राखिएको बेन्चमा सुतेको थिएँ।

उक्त कुरा अब इतिहास भइसक्यो। मेरी श्रीमती सावित्री २०८० साल आश्विन २१ गते काठमाडौँ महाराजगन्जस्थित टिचिङ हस्पिटलमा आफ्नो देह त्यागी परलोक भइन्। यस दुःखद घडीमा समवेदना दिनुहुने सम्पूर्ण सङ्घ, संस्था एवं महानुभावहरूलाई म हार्दिक धन्यवाद अर्पण गर्दछु।

●

# सावित्री केसी : शब्द-श्रद्धाञ्जली

– प्रा. डा. कृष्णप्रसाद दाहाल

## १. कवितामा सावित्री :

मलाई सावित्री भएको इन्दुल मन पर्छ
मलाई इन्दुल भएको सावित्री मन पर्छ
चिताले मऱ्याकमऱ्याक चपाउँदै उगेलेको उज्यालो होइन
मलाई सावित्री र इन्दुलको काव्यिक मुस्कानको प्रकाश मन पर्छ
मलाई इन्दुलको कवितामा सावित्रीको मन्त्र जपेको मन पर्छ
मलाई इन्दुलको भजनमा सावित्रीको सरस्वती नाचेको मन पर्छ
सुरतालविना अलापिएको राग होइन
मलाई सावित्रीको काखमा
इन्दुलले झारेको आँसुको दाग मन पर्छ
म सावित्रीविनाको इन्दुलमा पनि सावित्री देखिरहेको छु
प्रत्येक दिन इन्दुल महादेवले जस्तै
आफ्नी मायाकी सतीदेवी सावित्री
बोकेर हिँडिरहेको देखेको छु
सपनामा मात्र होइन, विपनामा पनि
इन्दुलले आजै मात्र लेखेका कविता
आफ्नो प्रिय श्रोता सावित्रीलाई सुनाउँदै हिँडेको देखेको छु
बरू हिजोको दिनमा सावित्रीलाई छोडेर
इन्दुल यदाकदा हिँड्ने गर्थ्यो
खर्चबर्च छोडेर घरव्यवहार हेर्नु है भन्दै
सावित्रीलाई घरकी रानी बनाएर फुत्त बाहिरिने गर्थ्यो
मोबाइलमा तेल दलेर श्रीमतीलाई फकाउँदै
बाहिरहुँदी रात बिताउने गर्थ्यो
तर आज यस्तो छैन
आर्यघाटमा सावित्रीको भौतिक शरीर सेलाएर आएको दिनदेखि
इन्दुलले सावित्रीलाई एक पल पनि छोडेको छैन, बिर्सेको छैन

आफ्नो स्मृतिको आसनमा अरू कसैलाई पनि बस्न दिएको छैन
बरू अब भने इन्दुलले इन्दुल बिर्सिएला
आफ्नो गन्तव्यमा अल्मलिएला
तर आफ्नो स्मृतिको कोषागारमा भने
उसले सावित्रीलाई बज्रलेप गरेर राखेको छ
सावित्रीको स्मरणमा दिनहुँ
उसले आफ्नो श्रद्धा र आस्थाको
नओइलने फूल चढाउने गरेको छ
त्यसैले
मलाई सावित्री भएको इन्दुल मन पर्छ
मलाई इन्दुल भएको सावित्री मन पर्छ ।

## २. सावित्रीको व्यक्तित्व :

डा. इन्दुल केसीको अर्धाङ्गिनी सावित्री केसी राणा केसीले यो धराधाम २०८० साल असोज २१ गते छोडेकी हुन् । वि. सं. २००३ सालमा पिता ब्रिगेडियर लक्ष्मी शमशेर राणा र माता विष्णुकुमारी राणाको गर्भबाट जन्मेकी सावित्रीले एसएलसी परीक्षा उत्तीर्ण गरेकी थिइन् । साक्षरताको सोपान चढ्दै गर्दा २०२४ सालमा इन्दुल केसीसित पञ्चेबाजाका साथ वैदिक विधिद्वारा उनको विवाह भएको हो । सामाजिक एवं धार्मिक प्रवृत्तिकी केसीले इन्दुलको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । छोरा उज्वल र छोरीहरू रजनी र सजनीकी आमा सावित्रीले आफूलाई सधैँ मानवहितकै निम्ति समर्पित गराइरहिन् । धार्मिक प्रवृत्ति भएकी हुनाले तीर्थव्रत र दानदक्षिणादि कर्म गर्न कहिल्यै पछि परिनन् । आफ्ना ससुरा र श्रीमान्ले सुसञ्चालन गर्दै आएको श्यामसुन्दर भजनघर (भक्तपुर) मा उनले पनि उल्लेख्य योगदान पुऱ्याएको पाइन्छ । असल पत्नी र असल आमा हुनुको छवि बनाएकी सावित्रीले श्रीमान् डा. इन्दुल केसीको साहित्यिक यात्रामा सारथीको भूमिका निर्वाह गर्न कहिल्यै पनि पछि परिनन् । श्रीमान्का पुस्तकमकार कृतिहरूको प्रकाशनमा यिनको योगदान प्रशस्त पाइन्छ अतिथि देवो भवः को महत्त्व बुझेकी सावित्री राणा केसीले अतिथि

सत्कारमा पनि आफूलाई त्यत्तिकै क्रियाशील राख्ने गरेकी थिइन् । पतिले गरेका हेरेका क्रियाकलापमा उनले पत्नीको हैसियतले मात्र होइन, एउटा मार्गप्रदर्शक साथीको भाँती कर्म गरेकी थिइन् । राणा कुलघरानाकी छोरी भएर पनि मध्यवित्त परिवारकी बुहारी र पत्नी हुनुमा गर्व गर्दथिन् । यस्ती सुलक्षणकी प्रतिमूर्तिको मुटुको रोगका कारण निधन भएको थियो ।

उनको दाहसंस्कारमा भेला भएका हामीहरू आर्यघाट परिसरमा चिताको पिरो धूवाँसँगै आँसुले आफ्ना नयन धोइरहेका थियौं । डा. इन्दुललाई सम्झाउने हिम्मत कसैमा थिएन । 'मुटुमाथि ढुङ्गा राखी' उनी आफैँ बोलिरहेका थिए – 'नश्वर देह, जतिसुकै उपचार गर्दागर्दै केही चलेन । आखिर अन्तिम सत्य भनेको यही ठाउँ रहेछ । उनले मलाई छोडेर गइन् । सम्झना भने गएको छैन । झन् गाढा भएर बसेको छ । मैले उनको भनाइमा टाउको हल्लाएँ । सावित्री चितामा खरानी भइरहेकी थिइन् । वातावरण मौन थियो । यस्तैमा म चिता अगाडि उभिएर सावित्रीको आत्माप्रति चिरशान्तिको कामना गरी शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गरेर शोकपुस्तिकामा श्रद्धाञ्जलीका दुई शब्द लेखेर आफ्नो गन्तव्यतर्फ लाग्दछु । इन्दुल भन्दै थिए – 'सावित्रीको काम सिध्याएपछि साहित्यिक लेखनमा पुनः सक्रिय भएर लाग्नेछु ।' यो स्मृतिग्रन्थ यसैको उपज हो । सावित्रीको जीवनका विविध आयामलाई यो स्मृतिले स्पष्ट पारेको छु ।


हरे राम हरे राम, राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे

श्री ..............................................
..............................................

**निमन्त्रणा**

जन्म : वि.सं. २००३/८/३०, शुक्रबार
स्वर्गारोहण : वि.सं. २०८०/६/२१ आइतबार

प्रातः स्मरणीय ममतामयी माता **सावित्री राणा के. सी.** ज्यू ७६ वर्षको उमेरमा यहि २०८० आश्विन २१ गते ब्रह्मलिन हुनु भयो । वहाँको १२औं दिनको पुण्य तिथिमा प्रसाद ग्रहणको लागि सादर निमन्त्रणा गर्दछु ।

मिति : २०८० कार्तिक २ गते, विहीबार
समय : दिनको ३ बजे
स्थान : पितृ मुक्ति सदन, कोटेश्वर महोदवस्थान, काठमाडौं-३२
सम्पर्क : ९८४१२८५१००

प्रार्थी
**उज्वल के. सी.**
एवं परिवार

(१२ औं पुण्यतिथिका लागि पठाइएको निमन्त्रणापत्र)

# श्रद्धाका दुई थुँगा फूल

**– जीवनाथ अधिकारी**

मान्छे चेतनको समष्टि जग हो, हो सृष्टिको आँगन
टेकी पाउ उदाउँदो छ धरती सौन्दर्यको छादन ।
आत्मा हो अमरत्व साथ नभमा प्राकट्य जो गर्दछ
फूलैफूल समाधि लिन्छ सहसा सौगन्धले भर्दछ ॥

जन्म लिने सबैले एक दिन धरतीबाट सदाका लागि बिदा लिनु प्रकृतिको विधान हो । जन्मेर सामर्थ्य अनुसार मानिसले आफूलाई कीर्तिमय बनाउने यत्न गर्दछ । भौतिक जीवनलाई जति समय उपयोग गर्न सकिन्छ, सार्थक ढङ्गले बाँच्न सके जीवनले पूर्णता पाएको मान्न सकिन्छ । जसरी बाँचे पनि अन्तमा उही अगम्य मार्गतर्फ प्रस्थान नगरी धरै पाइँदैन, त्यो पनि एक्लाएक्लै । यस विषम परिवेशमा कुनै आफन्तले पनि कसैलाई न साथ दिन सक्छ, न सम्भावना नै छ । सधैर्य परिस्थितिको सामना गर्नुको अर्को विकल्प मानिसले पाएको छैन ।

आदरणीय साहित्यकार, प्राकृतिक योगचिकित्सक, शैक्षिक अभियन्ता, सदैव सबैसित प्रिय मित्रका रूपमा प्रस्तुत हुने डा. इन्दुल केसीले यस्तै विडम्बना सहनुपर्‍यो मिति २०८० असोज २१ गते प्यारी धर्मपत्नी सावित्री केसीलाई यस धरतीबाट गुमाएर । सावित्रीले छोडेर जानुभयो इन्दुललाई, आँखाका नानीमा प्रिय पतिको छाया लुकाएर ।

मान्छेले जस्तोसुकै पीडालाई पनि सधैर्य सहन गर्नैपर्ने विवशता छँदैछ । आफन्त, इष्टमित्र, साथीसँगी, छरछिमेकी सबैको समानुभूतिलाई आत्मसात गर्दै इन्दुल पनि असहजतालाई सहजतामा बदलिरहनुभएको छ । यस वियोगपूर्ण घडीलाई सुदृढ मनोबलले आच्छादन गर्दै अघि बढिरहेका डा. इन्दुल केसी तथा परिवारजनमा समानुभूति प्रकट गर्दछु । सांसारिक मोहबन्धनबाट आफूलाई मुक्त गराई परलोकगमन गर्नुभएकी स्वर्गीय सावित्री केसीमा असीम श्रद्धापुष्प अर्पण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

# ठूलो योगदान

**– टीका ढुङ्गेल 'रटन'**

वरिष्ठ साहित्यकार डा. इन्दुल केसीकी धर्मपत्नी सावित्री राणा केसीको विक्रम सम्वत् २०८० आश्विन २१ गते काठमाडौँमा ७६ वर्षको उमेरमा निधन भएको दुःखद खबरले म मेरो परिवारसहित दुःखित भएको छु । सावित्री राणा केसी विक्रम सम्वत् २००३ सालमा जन्मनुभएको हो । उहाँको आत्माले वैकुण्ठमा बास पाओस् भनेर ईश्वरसँग प्रार्थना गर्दछु । डा. इन्दुल केसी तथा सम्पूर्ण परिवारमा गहिरो शोक व्यक्त गर्दछु । सावित्री राणा केसीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेँ ।

डा. इन्दुल केसीको घर काठमाडौँमा गएको समयमा उहाँसग भेट भएको थियो । उहाँले खाना बनाएर खुवाएको झलझली याद आइरहेको छ । त्रिफला अन्तर्राष्ट्रिय पुस्तकालयका अध्यक्ष श्री प्रेमप्रकाश फलाहारी, उपाध्यक्ष श्री रामप्रसाद दाहाल र कलमकार गएको थियौँ । त्यस समयमा उहासँग राम्रो परिचय भएको थियो । आज डा. इन्दुल केसीले जति पनि साहित्यिक समाजमा उच्च स्थानमा आफ्ना लोकप्रिय कृतिहरूको र सामाजिक कार्यकर्ता भएर अघि बढ्नुभएको थियो, यी सबै कार्यका निम्ति सावित्री राणा केसीको ठूलो योगदान रहेको थियो ।

पत्नीको सम्झना गर्नुहुँदै केही समवेदनापत्र तथा उहाँप्रति साहित्यकारहरूबाट प्राप्त भएका पत्रहरूलाई एकमुस्ट पारी शोकपुस्तिका प्रकाशित हुने नै छ भन्ने आशा गर्दछु । डा. इन्दुल केसी जस्ता जुझारु साहित्यकारप्रति छोटो समवेदनापत्र पठाइरहेको छु ।

डेभलपमेन्ट एरिया, पी. ओ. गान्तोक, सिक्किम
पिन नं. ७३७१०१, फोन नं. ९३८२१२७८१८

●

# फूलको श्रद्धाञ्जली

**– नवीना श्रेष्ठ**

डा. इन्दुल केसी बहुआयामिक व्यक्तित्वका धनी व्यक्तिसँग सुपरिचित हुने सुअवसर शब्दयात्रा प्रकाशन बनेपा र साहित्यकार श्री पशुपतिमान पःमाज्यूमार्फत श्री स्वस्थानी व्रतकथा पुस्तक प्रकाशित गर्ने क्रममा भएको हो । यसै क्रममा डा. इन्दुल केसीकी श्रीमती सावित्री केसी अस्वस्थ्य हुनुभई स्वास्थ्यलाभको क्रममा भक्तपुरस्थित सिद्धिस्मृति भवनमा सुस्वास्थ्यको कामना गर्न गएकी थिएँ । साँझ-साँझपख एकै क्षण सावित्री केसी दिदी र उहाँकी सुपुत्रीसँग पनि भेटघाट गर्न सुअवसर प्राप्त भएको स्मरण हुन्छ। डा. इन्दुल केसीजस्तै उहाँका पारिवारिक सदस्यहरू पनि सहृदयी र मिलनसार पाएँ । दोस्रोपटक सावित्री दिदीलाई भेट्ने सौभाग्य श्री स्वस्थानी व्रतकथा लेखनकै क्रममा छलफल गर्न भक्तपुरमा भएको समयमा म र भाइ हरि मञ्जुश्री डा. इन्दुल केसीको भक्तपुरको ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको ब्रह्मपुर चोकको बासस्थानमा मिलेको थियो । दिदीसँग रमाइलो भलाकुसारी गर्दै मीठो खाना खायौँ । घरका मतान, चोटा र बुइँगल हुँदै कौसीसम्म पुगेर घरको दैनिक आवश्यकतादेखि सांस्कृतिक सम्पदाका सरसामानहरूको व्यवस्थापन आकर्षक ढङ्गले कुशलतापूर्वक व्यवस्थापन गरिएको देख्यौँ । फेरि सशरीर भेट्ने अवसर भने पाएनौँ । तर बेलाबखत फोन र भाइबरमा कुराकानी त हुन्थ्यो ।

२०८० असोज २२ गते सोमबार दैनिक प्रभातीय नित्यकर्म पूजापाठ सकेर केही समाचार पाउन 'फेसबुक' खोलेँ । अचानक आँखा हरि मञ्जुश्रीको पोस्टमा पऱ्यो – 'डा. इन्दुल केसीलाई पत्नीशोक' । अहो ! कस्तो दुःखद समाचार ।

केही समयपश्चात् डा. इन्दुल केसीसँग फोन सम्पर्क गरेँ । दुःखमनाउ गरेँ मृत्यु एक तीतो सत्य सबले सामना गर्नुपर्ने । मर्नु ठाउँ फेर्नु मात्र हो । यो लामो निद्रा सुत्नुजस्तो मात्र भन्छन् । कतै फेरि देहान्तरणको यात्रा सुरु हुन्छ भन्छन् । तर पनि वियोगको पीडा त हुँदै

हो । २०८० असोजमा हामी पनि त्यस दुःखद क्षणको साक्षी बनेर सावित्री दिदीको सतगतको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्न कोटेश्वर महादेवको परिसरमा रहेको क्रियापुत्री भवनमा उपस्थित भयौँ । डा. इन्दुल केसी तथा उहाँका परिवारजनको दुःखद घडीको साथी बन्यौँ । डा. इन्दुल केसीको श्रीमती गुमाउन तथा सन्ततिलाई माता गुमाउनुको गहिरो पीडा त छँदै थियो, तापनि उहाँहरू आफूहरूलाई आगन्तुकहरूका सामु सहज स्वरूपमा प्रस्तुत भइरहनुभएको पाएँ । जति दुःखमनाउ गरे पनि मृत व्यक्ति तथा सद्गतको कामना र संस्कारादि कर्मले सिँगारिदिनु नै बुद्धिमत्ता ठहरिने पक्कै हो ।

डा. केसी र उहाँका परिवारले मृत्युलाई सहज रूपमा स्वीकार्न सक्नु नै ठूलो बुद्धिमान् भएको महसुस गरे मैले पनि लगेको पारिजातको फूलले श्रद्धाञ्जली अर्पण गरेर फर्कें ।

........................................................................................................................



(धार्मिक कार्यमा संलग्न सावित्री राणा केसी)

# इन्दुलजीकी सहधर्मिणी सावित्री दिदीलाई यसरी सम्झिन्छु म

**– पदम दाहाल**

वि. सं. २००३ साल मङ्सिर २० गते जन्म भई ७६ वर्षको उमेरमा स्वर्गारोहण हुनुभएकी भक्तपुरको मङ्गलाछें निवासी डा. इन्दुल केसीकी सहधर्मिणी सावित्री राणा केसी मुटुसम्बन्धी रोगबाट पीडित हुनुहुन्थ्यो । औषधि सेवन र चिकित्सकको नियमित निगरानीद्वारा उहाँको जीवन धानिइरहेको छ भन्ने देखिन्थ्यो । झट्ट हेर्दा उहाँको मुहारमा रक्ताल्पताको अड्कल काट्न सकिन्थ्यो ।

मेरा आत्मीय साहित्यकार मित्र इन्दुल केसीजीको निवासस्थानमा हामी प्रजापति तिमिल्सिना, सुनील सापकोटा, जीवनाथ अधिकारी लगायतका साहित्य-सर्जकहरू बेलाबेला जाने-आउने गरिरहन्थ्यौँ । त्यस क्रममा सावित्रीजी दाशुवंश राणाजीकी छोरी तथा वत्सगोत्रीय चेली पनि हुनुभएको नाताले र म आफू पनि दाहाल भएको हैसियतले उहाँलाई दिदीको स्थानमानमा राखेर सम्बोधन गर्ने गर्थें । उहाँ असाध्य भद्र, शालीन र विनम्र स्वभावकी लाग्थ्यो मलाई । सकी-नसकी जसरी भए पनि पुग्नेबित्तिकै चिया ल्याएर स्वागत गर्नुहुन्थ्यो उहाँ हामीलाई ।

'के छ दिदी खबर ? सन्चै हुनुहुन्छ नि ? कस्तो छ हजुरलाई ?' भनी प्रश्न गर्थें म । अत्यन्त धैर्यशाली भावमा उहाँको मृदुभाषी स्वर यसरी झल्कन्थ्यो, 'राम्रै छ, ठिकै छ, सन्चै छु । अहिलेसम्म आराम छु ।' तर लिस्नोबाट ओर्लिनु-उक्लिनुपर्दा भने उहाँ निकै अस्वस्थ हुनुहुन्छ, उहाँको शारीरिक अवस्था तन्दुरुस्त छैन भनेर अड्कल लगाउन भने कठिन थिएन ।

एकचोटि डा. इन्दुलले आफ्नो बैठककोठामा कवितावाचन कार्यक्रम गर्ने भनेर हामीलाई निम्तो दिनुभयो, कविता वाचनपछि हामीलाई उहाँको किचेनमा खाजानास्ताका निम्ति बोलावट भयो । बिचरी सावित्री दिदीले सकी-नसकी भक्तपुरे जुजुधौका साथमा चिउरा, तरकारी, अचार, मिठाई आदि विभिन्न परिकार आफैँले भाग लगाएर

हाम्रा अघिल्तिर डाइनिङ टेबलमा राखिदिनुभएथ्यो । हल्का सहयोग मित्र इन्दुलजीबाट पनि नभएको होइन । उहाँहरूले हामीलाई प्रदान गर्नुभएको खाजानास्ताका साथमा प्राप्त सद्भाव, सुमिष्ट बोली र सावित्री दिदीले थप्नुभएको मन्द मुस्कानले उहाँमा एक असल गृहिणीको सुपरिचय सहजै झल्किएको भान हुन्थ्यो, जसद्वारा हामी निम्तारू अत्यन्त पुलकित भएका थियौँ, जसलाई आज पनि झलझली सम्झिरहेछु म । कसै गरे उक्त दृश्य भुल्नै सकिन्न ।

साहित्यकार मित्र इन्दुलजी उस्तो घरमा बसिरहन नसक्ने मान्छे । प्रायः बाहिरफेर घुम्न र हिँड्न रुचाउनुपर्ने । उहाँको न खानको न फिर्नको टुङ्गो । कहिले भजनकीर्तनमा, कहिले साहित्यिक कार्यक्रममा, कहिले सामाजिक सेवामा । छोराबुहारीको बसोवास र लहनतहन उता काठमाडौँ तीनकुनेतिरै । गफैगफमा कहिलेकाहीँ इन्दुलजी भनि पनि हाल्नुहुन्छ, 'म त उटपट्याङ मान्छे ।' यसो भनिरहँदा न उहाँले कसैलाई भनी विराम गर्नुभएको छ न गरी विराम । सायद सावित्री दिदीले ७६ वर्षको उमेर छउन्जेल आफ्ना पतिदेवले भनेको वचनलाई कदापि इन्कार गर्नुभएन भन्ने लाग्छ । सकी-नसकी आफ्नो जिन्दगानीलाई इन्दुलजीको अनन्य र आत्मीय बनेर नै धानिरहनुभयो ।

अन्तमा जब रोगले सताउँदै लग्यो, तब उहाँ काठमाडौँको तीनकुनेस्थित दोस्रो निवासस्थानतर्फ लाग्नुभयो र त्यहीँ बस्न थाल्नुभयो । तर मुटुको जस्तो घातक रोगका अगाडि कसको के लाग्थ्यो र ? छोराछोरी, श्रीमान्लगायत सम्पूर्ण परिवारजनबाट उहाँलाई निरन्तर चिकित्सकसमक्ष पुऱ्याउने र उपचार गर्ने-गराउने कार्यमा किञ्चित् कमी आउन नदिँदा-नदिँदै पनि आयु पुगेका दिन कोहीकसैले यस लोकमा न बाँच्न सकिन्छ न बचाउन नै । चुपचाप-चुपचाप बिदाइको हात हल्लाएर बिदावारी हुनैपर्छ र जानैपर्छ । यही त हो प्रकृतिको नियम भन्नु !

गत २०८० असोज २१ गते आइतबारका दिन एकबिहानै मेरा परम आदरणीय मित्र इन्दुल केसीज्यूले सावित्री दिदीको अवसानको नमीठो र उदासीन खबर सुनाउनुभयो । उहाँका हामी निकटतम आफन्तजनलगायत शुभेच्छुक साहित्यकारहरू प्रजापति तिमिल्सिना,

चूडाप्रसाद चौलागाईं, डा. कृष्णप्रसाद दाहाल, जीवनाथ अधिकारी आदिको उपस्थिति थियो आर्यघाटमा । अन्तर्दिलमा जतिसुकै पीडा र दर्द परेको भए पनि विचलित देखिनुहुन्नथ्यो सर । शोकलाई शक्तिमा बदल्न सक्ने सामर्थ्य भरपुर अटाएझैं लाग्यो उहाँमा ।

हुन पनि हो, हरेक कमजोर मानसिकता बोक्नेहरूले मात्र कहिल्यै नफिर्ने गरी बाटो लाग्नेका पक्षमा कोकोहोलो र चीत्कार पोख्ने गर्छन्, जो केवल देखावटी र बहानाबाजीको विषय मात्र हुन्छ । इन्दुलजीमा भने त्यस्तो अधैर्य देखिएन । कसैले उहाँको पाखुरा समातेर सान्त्वना र ढाडस दिनु पर्दैपरेन । उहाँ आफैंले आफैंलाई सम्हालिरहनुभएथ्यो । यो भनेको उहाँमा लुकेको विशाल धैर्य नै हो । सावित्रीजीको काजक्रिया कर्म उहाँका सुपुत्र उज्वल केसी र छोरीबाट कोटेश्वरको महादेवस्थान मन्दिर परिसरमा भएथ्यो, जहाँ डा. इन्दुलका शुभेच्छुक, शुभचिन्तक जन दैनिक रूपमा खचाखच आउने-जाने गरेका थिए । धेरै साहित्यिक सङ्घसंस्थाहरू हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न र समवेदना प्रकट गर्न त्यहाँ पुगेको कुरालाई पनि भुल्न सकिन्न ।

आफ्नी जीवनसँगिनी गुमाउँदाको पीडा सायद कसैलाई असह्य नहुँदो हो र ? अहिले अर्धाङ्गिनी गुमाएर आधा जीवन कटाउँदै हुनुहुन्छ उहाँ । यसका निम्ति उहाँप्रति हार्दिक समवेदना ! अनि मृतक सावित्री दिदीको आत्माले चिरशान्ति प्राप्त गरिरहोस्, वैकुण्ठवासको प्राप्ति होओस्, हार्दिक श्रद्धाञ्जली उहाँलाई पनि ।



(तीर्थयात्राका क्रममा सावित्री राणा केसी र डा. इन्दुल केसी)

# बलियोले चाहेपछि

**– प्रजापति तिमिल्सिना**

मेरो र डा. इन्दुल केसीको उमेरमा धेरै फरक छ । तर पनि साहित्यले संयोग जुरायो, समयले मन्जुर गऱ्यो र हामी साथी बनेका छौँ । हात मानिरहेको छैन, औँला चलिरहेका छैनन् तिनै साथीको जीवनको अर्धाङ्ग रित्तिएको छ भनेर ।

आफ्ना हृदयप्रिय जीवन साथीको जीवन अर्धाङ्ग रित्याउन मन थिँदै थिएन । तर बलियोले चाहेपछि निर्बलियोको के लाग्दो रैछ र ! बलियाले लगेपछि जानैपऱ्यो, जानुभयो डा. इन्दुल केसीकी जीवनसँगिनी सावित्री केसी । आफ्नो जीवनको प्रेमपात्रलाई छाडेर, आफूले सिँगारपटार गरेर सजाएको घर छाडेर । नचाहँदा-नचाहँदै जानुभएको श्रीमती सावित्री केसीको आत्मालाई स्वर्गलोकमा उत्तम स्थान मिलोस्, सदा वैकुण्ठको बास होस् । हार्दिक श्रद्धाञ्जली ।

उहाँले छाडेर गएको घर, सिँगार भरेको घर सदा फुलोस्-फलोस्, त्यही सिँरमा जगमगाइरहोस् । त्यही घरका शोकसन्तप्त परिवार एवं सबै आफन्तजनमा भएको यो अपूरणीय क्षतिमा धैर्यधारण गर्ने साहस जुटोस् । हार्दिक समवेदना ।



(सावित्री राणा केसी परिवारका साथ)

# हाम्री जननी

**– रजनी केसी मानन्धर**

संसारकै सबैभन्दा प्यारी हे आमा !
अनित्य यो संसारमा छैन नित्य केही
अनित्यताको यही भुमरीमा
अनित्यताको यही शाश्वत सत्यतामा
छोराबुहारी, छोरीज्वाइँ, नातिनातिना, साथीसँगी
सबलाई छोडी त्यागेर यो नश्वर देह अनि
आफ्नो सौभाग्यका प्रतीक
श्रीमान समेतको यो ब्रह्माण्ड
हो, तिमी गयौ,
सम्झनामा सीमित गरी तिमी गयौ ।

जीवनले काँचुली फेरेको यो बेला
तिम्रो माया अनि वात्सल्यमा रमाएको यो परिवारको
तिमीले सँगालेका आफन्त अनि इष्टमित्रको
श्रद्धाले चढाएका पुष्पगुच्छाका सुगन्ध लिएर जानु
परिवारजनको अनन्य असीमित माया लिएर जानु
हाम्रा अश्रुमिश्रित नयनको प्रेम लिएर जानु
सबैको स्नेहयुक्त श्रद्धा शब्दथुँगाका भाव लिएर जानु ।

यो एक जुनीमा
तिमीले भोगेका पलहरू साक्षी छन्
तिमीले निर्माण गरेको धरातलले बोल्नेछन्
तिम्रो आत्माले
अब फेरि अरूको कोख खोज्नु नपरोस्
तिम्रो आत्माले
जन्ममरणको चक्रमा पर्नु नपरोस्
आमा तिमीलाई हार्दिक श्रद्धाञ्जली

आमा तिमीलाई भावपूर्ण श्रद्धाञ्जली
आमा तिमीलाई गहिरो श्रद्धाञ्जली ।

तिम्रो आत्माले सुखावती भुवनमा बास पाओस्
तिम्रो देहले ब्रह्माण्डमा विलीन हुन पाओस्
तिम्रो अटुट सम्झना हामीमाझ सदा रहने गरी आमा
तिमी जानु, तिमीलाई अलबिदा
आमा तिमी जानु, तिमीलाई अलबिदा ।



(गंगोतरी, जमुनोतरी तीर्थयात्रा घोडामा सवारी गर्दै सावित्री राणा केसी)

# अनेकमध्येकी एक सावित्री

**– हरि मञ्जुश्री**

सावित्री राणा केसीलाई मैले चार-पाँचपटक मात्रै भेटेँ । जतिपटक भेटेँ, उतिपटक मैले उहाँलाई शालीन, शिष्ट, भद्र र मर्यादित भेटेँ । उहाँलाई भेट्ता मेरो मनमा अरू सावित्रीहरूका चित्र र चरित्र पनि आए ।

- एउटी सावित्री महाभारतकी पात्रा थिइन् । उनले यमराजले लगिसकेका आफ्ना पति सत्यवान्लाई यमराजबाट फिर्ता ल्याइन् । साथसाथै अरू चार-पाँचवटा वरदान यमराजबाट लिएर घर र माइती दुवैतिरको समाजलाई खुसी बनाइन् ।
- अर्की सावित्री मेरै बुढीहजुरआमा हुनुहुन्थ्यो । उहाँले विपन्न अवस्थाको सामना गर्दै कुशलतापूर्वक घरव्यवहार सम्हालेर पारिवारिक स्तर उकास्न ठूलो भूमिका खेल्नुभएको थियो ।
- अर्की सावित्री डा. सुरेशराज शर्माकी आमा हुनुहुन्थ्यो । उहाँलाई म कहिले फुपू दिदी भन्थेँ, कहिले दिदी मात्रै भन्थेँ । ठूलो परिवारलाई सम्हालेर, दुई गुँडका केटाकेटीमा अलिकति पनि भेदभाव नगरेर, सौता-सौताका बीचमा झगडा र लुछाचुँडी हुन्छ भन्ने मान्यतालाई गलत सावित गरेर उहाँले झन्डै दुई दर्जन सन्ततिलाई शिक्षाका लागि समान मौका दिनुभएको थियो र अरूलाई पनि शिक्षाप्राप्तिका लागि सघाउनुभएको थियो ।
- अर्की सावित्री भोलामानसिंह थापाकी श्रीमती हुनुहुन्छ । उहाँ समाजसेवी तथा लेखिका हुनुहुन्छ । उहाँले शब्दयात्रा प्रकाशनका लागि ट्रस-घर बनाइदिनुभएको छ र विद्वतवृत्तिका लागि अक्षयकोष पनि राखिदिनुभएको छ । यस लेखकी मूल पात्रा सावित्री राणा केसीका श्रीमान् डा. इन्दुल केसीका मित्र तथा सहपाठी हुनुहुन्छ ।

- अर्की सावित्री गायत्री परिवारमा आबद्ध हुनुहुन्छ । उहाँ सावित्री काफ्ले आमा र सावित्री काफ्ले दिदीका रूपमा चिनिनुहुन्छ, आफैँ यज्ञकर्म गर्नुहुन्छ र गराउनुहुन्छ ।
- अर्की सावित्री अर्थशास्त्रविज्ञ र साहित्यकार हुनुहुन्छ । सावित्री श्रेष्ठ भन्नासाथ म 'अक्षलोक' साहित्यिक पत्रिका सम्झन पुग्छु ।

भन्दै जाने हो भने मैले थाहा पाएका र चिनेका सावित्रीहरू धेरैजना हुनुहुन्छ । जतिजना हुनुहुन्छ, सबैजनामा कुनै न कुनै विशेषता मैले पाएको छु ।

यिनै सावित्रीमध्येकी एउटी सावित्री राणा केसीले आफ्ना श्रीमान्लाई राष्ट्रिय प्रतिभाका रूपमा सुपरिचित गराउन ठूलो त्याग गर्नुभयो । ललितपुरको मानभवनबाट भक्तपुरको मङ्गलाछेंमा विवाह गरेर भित्रिएपछि राणाबाट झा (केसी) भएकी उहाँलाई भेट्ता मलाई यस्तो लाग्थ्यो –

- उहाँले आफ्ना पति इन्दुल केसीलाई उपसचिवसम्म पु¥याउन सहयोग गर्नुभयो ।
- उहाँले पतिलाई अचेल भनिने वैकल्पिक चिकित्सा पद्धति (मचाहिँ एलोपेथिक चिकित्सा पद्धतिलाई वैकल्पिक मान्छु) तिर लागेर 'डाक्टर' बनाउन सहयोग गर्नुभयो ।
- उहाँले सामाजिक कार्य र साहित्यिक कार्यक्रममा जहिलेसुकै र जतासुकै दौडिरहने पतिलाई दौडिन दिएर व्यक्तित्व विकास गराउने मौका दिनुभयो ।
- उहाँले पतिको इच्छालाई नै आफ्नो इच्छा ठान्नुभयो र घरव्यवहार सम्हाल्नुभयो ।
- उहाँले भावनामा बगेर बहकिन लागेका भावुक पतिलाई व्यवहारका कुरा सम्झाएर व्यावहारिक बनाउनुभयो ।
- उहाँले पति आबद्ध भएका संस्थालाई आफ्ना तर्फबाट पनि आर्थिक सहयोग लगायत यथाशक्य योगदान दिनुभयो ।

- उहाँले पतिमा साहित्यिक अभिरुचि पाएर आफ्नो व्यवहारले त्यसलाई मलजल दिनुभयो ।
- उहाँले सन्ततिको हेरचाह र शिक्षादीक्षाका लागि पर्याप्त समय दिनुभयो ।
- उहाँले पतिका पुस्तकहरूको प्रकाशक बनेर पतिलाई प्रेरणा दिनुभयो ।
- उहाँले आफूभित्र धार्मिक भावना भएका कारण नेपाल र इन्डियाका तीर्थहरूको यात्रा गर्नुभयो ।

त्यसैले हो कि डा. इन्दुल केसीलाई देखेको, भेटेको र उहाँसँग कुराकानी गरेको बेला उहाँभित्र कतै न कतै उहाँकी अर्धाङ्गिनी सावित्री राणालाई देखेजस्तो, भेटेजस्तो र कुराकानी गरेजस्तो मलाई लाग्छ ।

सरल महिला, सोझी महिला, इमानदार महिला, गृहिणी महिला लाग्ने सावित्री राणा केसीलाई अब म देख्न र भेट्न पाउँदिनँ । उहाँप्रति त म शब्दश्रद्धा मात्रै व्यक्त गर्न सक्छु ।

भाउजू ! तपाईं हाम्रो सम्झनामा मात्रै आउनोस्, यस्तो असार संसारमा पुनर्जन्म लिएर नआउनोस् । तपाईंलाई शिवसायुज्य प्राप्त होस् ।



(धार्मिक कृत्यमा पति डा. इन्दुल केसीका साथमा सावित्री राणा केसी)

# समाचारहरू

## १. हार्दिक सहवेदना

शब्दयात्रा प्रकाशनका आजीवन सदस्य डा. इन्दुल केसीलाई पत्नीशोक परेको छ । उहाँकी धर्मपत्नी सावित्री केसीको आइतबार राति ११ बजे काठमाडौँ महाराजगन्जको त्रि. वि. शिक्षण अस्पतालमा उपचारको क्रममा निधन भएको हो । उहाँको पार्थिव शरीरको दाहसंस्कार पशुपति आर्यघाटमा गरिने भएको छ । शब्दयात्रा प्रकाशन परिवार गतात्माको मोक्षप्राप्तिको कामना गर्दै डा. इन्दुल केसीलगायत शोकाकुल परिवारजनप्रति हार्दिक सहवेदना व्यक्त गर्दछ ।

**– शब्दयात्रा प्रकाशन परिवार**

## २. स्वर्गीय राणाको श्रद्धाञ्जलीस्वरूप भक्तपुरमा भजनकीर्तन

